apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




समाचार पृष्ठ ३

● वर्ष: १२ ● अंक: ११९ ● पृष्ठ: ४ ● ०३ जेठ २०८३ आइतबार (17 May 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## स्वस्तिक पाठशालाद्वारा एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र अभिभावकलाई सम्मान

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०२ गते**

सिरहाको मिर्चैया नगरपालिका-६ स्थित स्वस्तिक पाठशालाले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा मधेश प्रदेशमै उत्कृष्ट नतिजा हासिल गर्दै आफूलाई अग्रणी शैक्षिक संस्थाका रूपमा पुनः स्थापित गरेको छ। विद्यालयले आयोजना गरेको "एसईई २०८२ सम्मान तथा शुभकामना कार्यक्रम" मार्फत उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा उनीहरूका अभिभावकलाई सम्मान गर्दै आफ्नो उल्लेखनीय उपलब्धि सार्वजनिक गरेको हो।



"आकाश छेड, भुई नछोड" भन्ने मूल नारासहित आयोजित कार्यक्रममा विद्यालयले यस वर्ष एसईईमा प्राप्त गरेको ऐतिहासिक सफलता सार्वजनिक गरेको थियो। विद्यालयका अनुसार यस पटक ७ जना विद्यार्थीले ४.० जिपिए हासिल गरेका छन् भने ६ जनाले ३.९५, ५ जनाले ३.९१ र ३ जनाले ३.९० जिपिए प्राप्त गरेका छन्। यससँगै कुल २१ जना विद्यार्थीले ३.९० देखि ४.० सम्मको उच्च जिपिए ल्याउँदै विद्यालयलाई मधेश प्रदेशकै उत्कृष्ट नतिजा दिने संस्थामध्ये अग्रस्थानमा पुऱ्याएका छन्।

कार्यक्रम विद्यालयका संस्थापक महेश्वर बहादुर कार्कीको सभापतित्व तथा मिर्चैया नगरपालिकाका नगर प्रमुख श्रवण कुमार यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा शिक्षा शाखा प्रमुख भरत कुमार बानियाँ, शिक्षा अधिकृत ओमप्रकाश ठाकुर, सञ्चारकर्मी, समाजसेवी, अभिभावक तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

विद्यालयका प्रिन्सिपल लक्ष्मण गिरीले अघिल्लो वर्षको तुलनामा यस वर्ष अझ उत्कृष्ट नतिजा आएको उल्लेख गर्दै शिक्षक, विद्यार्थी र अभिभावकबीचको समन्वय, अनुशासन र निरन्तर मेहनतकै कारण विद्यालयले ऐतिहासिक सफलता हासिल गर्न सकेको बताए। उनले आगामी दिनमा अझ गुणस्तरीय शिक्षा र प्रतिस्पर्धात्मक वातावरण निर्माणमा विद्यालय केन्द्रित रहने प्रतिबद्धता व्यक्त गरे।

**७ विद्यार्थीको 'परफेक्ट' ४.० जिपिए**

विद्यालयका अनुसार ४.० जिपिए प्राप्त गर्ने विद्यार्थीहरूमा आदर्श कुमार यादव, अभिनव ज्ञानशेखर साह, अनिल कुमार साह, दिव्यानी चौधरी, हेडेन राज धामी, निरज साह र सबल कटुवाल रहेका छन्।

त्यस्तै ३.९५ जिपिए प्राप्त गर्ने विद्यार्थीहरूमा आयुष कुमार साह, हलिमा शेख, कोस्टा रोय विक्रम साह, नमन कुमार चौधरी, रितु कुमारी मण्डल र श्रेया सिंह रहेका छन्।

३.९१ जिपिए प्राप्त गर्ने विद्यार्थीहरूमा अभिषेक महासेठ, अमन कुमार शर्मा, ओमप्रकाश यादव, साजन शर्मा र सुजल साह रहेका छन् भने ३.९० जिपिए ल्याउने विद्यार्थीहरूमा आकृति कुमारी साह, नन्दनी कुमारी साह र नेहा यादव रहेका छन्।

**मधेश प्रदेशमै स्वस्तिकको अग्रता**

एसईई २०८२ को समग्र तथ्याङ्कअनुसार सिरहा जिल्लाका

बाँकी पृष्ठ ३

## जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन यात्रा



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०२ गते**

जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउन 'जनकपुरधाम सम्पदा यात्रा' आयोजना गरिएको छ।

शनिबार उक्त सम्पदा यात्राको आयोजना गरिएको हो।

जानकी मन्दिर प्राङ्गणबाट शुरु भएको सम्पदा यात्रा जनकपुरधामका सम्पदाहरुको परिक्रमा गरि महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवनसम्म पुगेर सकिएको थियो।

सम्पदा यात्रमा जानकी मन्दिर, पेठिया बजार, रंगभूमि मैदान, रामजानकी विवाह मण्डप, अरगज्जा पोखरी, राम मन्दिर, धनुष सागर, गंगासागर लगायतका सम्पदाहरुको बाजागाजासहित पद यात्रा गरिएको हो।

जनकपुरधामको ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण गर्न तथा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन सम्पदा यात्रा आयोजना गरिएको आयोजकले जनाएको छ।

यात्रामा स्थानीय युवा, विद्यार्थी, संस्कृति संरक्षणकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरु सहभागी थिए।

## जेनजी आन्दोलनमा मधेशका कारागारबाट भागेका ४४९ कैदीबन्दी अझै फरार

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०२ गते**




जेनजी आन्दोलनका क्रममा मधेश प्रदेशस्थित जिल्लाका कारागार तथा हिरासतबाट फरार भएका कैदीबन्दीहरूमध्ये अझै ४४९ जना पक्राउ पर्न बाँकी रहेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार आन्दोलनको क्रममा फरार भएका कुल १ हजार ४५ जना मध्ये ५९६ जनालाई पुनः पक्राउ गरिए पनि ४४९ जना अझै फरार छन्। ठूलो संख्यामा फरार रहनुले सुरक्षा संयन्त्रप्रति गम्भीर प्रश्न उठाएको छ।

सार्वजनिक विवरण अनुसार सबैभन्दा धेरै कैदीबन्दी महोत्तरी कारागारबाट फरार भएका थिए। त्यहाँबाट ५७६ जना कैदीबन्दी भागेकामा हालसम्म ३२५ जनालाई मात्रै पुनः पक्राउ गरिएको छ भने अझै २५१ जना फरार अवस्थामै रहेका छन्। यो संख्या प्रदेशभर फरार रहेका कुल कैदीबन्दीको आधाभन्दा बढी हो।

बाँकी पृष्ठ ४

## सहिद हेमनारायण गोल्डकप जेठ ८ गतेदेखि

### चौथों संस्करणको खेल तालिका सार्वजनिक, विजेतालाई ३ लाख नगद पुरस्कार

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०२ गते**




सिरहामा फुटबल गतिविधिलाई थप सशक्त बनाउने उद्देश्यसहित आयोजना हुन लागेको चौथो संस्करणको 'सहिद होमनारायण गोल्डकप फुटबल प्रतियोगिता-२०८३' को खेल तालिका सार्वजनिक गरिएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा चात्या सा फुटबल क्लब झापा र गोलबजार युनाइटेड क्लब गोलबजारबीच प्रतिस्पर्धा हुने भएको छ।

सलहेश युवा क्लब सिरहाको आयोजनामा तथा सिरहा नगरपालिकाको मुख्य सहयोग र सिरहा जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा सञ्चालन हुन लागेको प्रतियोगिता आगामी जेठ ८ गतेदेखि १५ गतेसम्म सिरहा नगरपालिका-३, मखनाहा स्थित शंकर रंगशालामा हुनेछ।

उद्घाटन खेल शुक्रबार दिउँसो ३:३० बजे सञ्चालन हुने आयोजकले जनाएको छ। शनिबार आयोजित पत्रकार सम्मेलनमा सलहेश युवा क्लबका अध्यक्ष राजिव यादवले प्रतियोगितामा आयोजकसहित देशका विभिन्न क्षेत्रका ८ टोलीको सहभागिता रहने जानकारी दिए। उनका अनुसार यस वर्ष केही नयाँ टोलीलाई समेत समावेश गरिएकाले प्रतियोगिता अझ

बाँकी पृष्ठ ३




## मधेशलाई बलियो बनाउन सेनामा मधेशीको समूहगत प्रवेश अत्यावश्यक: आभाष गुरु

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०२ गते**



मधेश पुस्तकालय तथा अनुसन्धान केन्द्रका संरक्षक एवं राजनीतिक अभियन्ता आभाष गुरुले मधेशलाई बलियो बनाउन सेनामा मधेशीको समूहगत प्रवेश अत्यावश्यक रहेको बताएका छन्। गुरुले शनिबार सामाजिक सञ्जालमा एक विशेष टिप्पणी लेख्दै यस्तो माग गरेका हुन्।

नेपाली सेनामा मधेशी समुदायको सशक्त तथा अर्थपूर्ण सहभागिता अत्यावश्यक रहेको बताउँदै उनले यस विषयमा नेपाल सरकार र मधेशी मोर्चाबीच विगतमा लिखित सम्झौता भएको कुरासमेत स्मरण गराएका छन्।

बाँकी पृष्ठ ४

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### मधेश सुख्खाग्रस्तको जोखिम बढ्दै

आठ वटा जिल्ला मिलेर बनेको मधेश प्रदेश अहिले दोहोरो संकटको फस्न लागेको छ। एकातिर समयमा मनसुन नआउने र पर्याप्त वर्षा नहुने संकेतहरू देखिएका छन् भने अर्कोतिर तापक्रम अस्वाभाविक रूपमा बढ्दै गएको छ। मौसमविद्हरूले यस वर्ष एल निनियोको प्रभाव गहिरो हुन सक्ने प्रक्षेपण सार्वजनिक गरिरहेका छन्। यसको प्रत्यक्ष असर नेपालको तराई-मधेश क्षेत्रका जिल्लाहरुमा पर्ने सम्भावना बलियो बन्दै गएको छ। यदि समयमै तयारी गरिएन भने मधेश प्रदेशले भीषण सुख्खा, खाद्य संकट, खानेपानी अभाव तथा जनस्वास्थ्य संकट सामना गर्नुपर्ने अवस्था आउन सक्छ। एल निनियो कुनै सामान्य मौसमी परिवर्तन होइन। यो प्रशान्त महासागरको सतही तापक्रम असामान्य रूपमा बढ्दा विश्वव्यापी मौसम प्रणालीमा देखिने प्राकृतिक घटना हो।

यसको प्रभावले दक्षिण एसियामा मनसुन कमजोर हुने, वर्षा अनियमित हुने तथा तापक्रम बढ्ने अवस्था सिर्जना गर्छ। नेपालजस्तो कृषिमा आधारित मुलुकमा यसको असर सबैभन्दा बढी किसान र निम्न आय भएका समुदायले भोग्नुपर्छ। विशेष गरी मधेश प्रदेश, जहाँ अधिकांश जनसंख्या कृषि पेशामा निर्भर छ, त्यहाँ एल निनियोले ल्याउने जोखिम अझ भयावह बन्न सक्छ। मधेश प्रदेशका अधिकांश जिल्लामा धान रोपाइँ मनसुनमा निर्भर छ। समयमा वर्षा नभए खेत बाँझो रहन्छन्, रोपाइँ प्रभावित हुन्छ र उत्पादन घट्छ। यसले किसानको आय मात्र घटाउँदैन, सम्पूर्ण देशको खाद्य सुरक्षामाथि असर पुऱ्याउँछ। धान र दलहन तथा तरकारी उत्पादनमा कमी आउँदा बजारमा मूल्यवृद्धि हुन्छ र गरिब समुदाय थप मारमा पर्छ। कृषिमा निर्भर लाखौं परिवारको जीवनयापन संकटमा पर्ने जोखिम नै बढ्दै गएको सक्छ।

सुख्खाले केवल खेतीलाई मात्र असर गर्दैन। खानेपानीका स्रोत सुक्ने, भूमिगत पानीको सतह घट्ने र अत्यधिक गर्मीका कारण स्वास्थ्य समस्या बढ्ने खतरा पनि उत्तिकै गम्भीर छ। पछिल्ला वर्षहरूमा मधेशमा अत्यधिक गर्मीका कारण जनधनको क्षति भइसकेको छ। तापक्रम बढ्दै जाँदा लु लाग्ने, डिहाइड्रेसन, सरुवा रोग तथा कुपोषणका समस्या बढ्न सक्छन्। कमजोर पूर्वाधार र सीमित स्वास्थ्य सेवाका कारण यस्तो संकटलाई सामना गर्न प्रदेश अझ संवेदनशील देखिन्छ। इतिहासले पनि प्राकृतिक विपद्लाई हल्का रूपमा लिन नहुने सन्देश दिएको छ। विगतमा एल निनियोको प्रभावले विश्वका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति गराएको थियो। अहिले फेरि विश्वव्यापी रूपमा त्यस्तै जोखिम बढिरहेको सन्दर्भमा विशेषत गरी मधेश प्रदेशका नागरिक सतर्क हुनु अत्यावश्यक छ। जलवायु परिवर्तनले मौसम प्रणालीलाई अझ अनिश्चित बनाइरहेको छ। प्रदेश सरकार र संघीय सरकारबीच प्रभावकारी समन्वय गरी तत्काल विशेष कार्ययोजना लागु गर्न आवश्यक छ। सिंचाइ सुविधा विस्तार, वैकल्पिक बाली प्रवर्द्धन, बीउ तथा मलको व्यवस्थापन, खानेपानी संरक्षण, जलाशय निर्माण तथा विपद् पूर्वतयारी कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ। स्थानीय तहसम्म मौसम पूर्वानुमान र सचेतना कार्यक्रम प्रभावकारी रूपमा पुऱ्याउनु पनि उत्तिकै आवश्यक छ। मधेशको सम्भावित संकटलाई राष्ट्रिय प्राथमिकताको विषय बनाएर तत्काल कार्यान्वयनमा केन्द्रित हुनु आजको अपरिहार्य आवश्यकता हो। जसले मधेशदेखि देशको जोखिमलाई न्यून गर्न सकिन्छ।

### औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# संकटको संघारमा मातृभाषाः अस्तित्व बचाउने नागरिक अभिभारा




✍ **रवीन्द्र भट्टराई**

नेपाल भौगोलिक रूपमा सानो भए पनि भाषिक र सांस्कृतिक रूपमा विश्वकै एक सम्पन्न मुलुक हो। यहाँ बोलिने १२४ भन्दा बढी मातृभाषा खालि सञ्चारका माध्यम मात्र होइनन्, ती हाम्रा पुर्खाका इतिहास, ज्ञान, दर्शन र पहिचानका जीवन्त संवाहक हुन्। यसो भए पनि पछिल्लो समय आधुनिकता, विश्वव्यापीकरण र विशेष गरी शिक्षामा अंग्रेजी भाषाको बढ्दो प्रभुत्वका कारण हाम्रा रैथाने भाषाहरू विस्तारै विस्थापन र लोपोन्मुखताको संघारमा पुगेका छन्। बेलैमा सचेत भएर संरक्षणका कदम नचाल्ने हो भने केही दशकमै नेपालका धेरै भाषा इतिहासको पानामा मात्र सीमित हुने जोखिम आसन्न छ।

**भाषिक संकटको चित्र र कारण**

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) का अनुसार विश्वमा हरेक दुई सातामा एउटा भाषा लोप भइरहेको छ। नेपालमा पनि थारु, मगर, लिम्बू, राई, तामाङ, गुरुङ, नेवार, सेपाँदेखि कुसुन्डाजस्ता दर्जनौं भाषाहरू संकटापन्न वा लोपोन्मुख अवस्थामा छन्। विशेष गरी 'कुसुन्डा' जस्ता भाषा त अति संकटापन्न अवस्थामा पुगिसकेका छन्, जसका सीमित वक्ताहरू मात्र जीवित छन्।

मातृभाषा संकटमा पर्नुको पछाडि केही मनोवैज्ञानिक र केही संरचनात्मक कारणहरू छन्। विगतमा राज्यले अंगीकार गरेको एक भाषा नीति' ले धेरै समयसम्म अन्य भाषालाई ओझेलमा पाऱ्यो। वर्तमान समयमा निजी विद्यालयहरूको 'अंग्रेजी मोह' ले मातृभाषालाई दोस्रो दर्जाको वा 'असभ्य' भाषाका रूपमा चित्रित गर्ने एउटा गलत भाष्य निर्माण गरिदिएको छ। पूर्वप्राथमिक तहदेखि नै अंग्रेजी माध्यम लादिँदा बालबालिकाले आफ्नै घरपरिवार र समुदायको भाषासँगको सम्पर्क गुमाउँदै गएका छन्। यसले गर्दा भाषासँगै जोडिएका लोककथा, परम्परागत ज्ञान र सांस्कृतिक मौलिकताको पनि वंशविनाश भइरहेको छ, जसलाई 'भाषिक जनसंहार' भन्नु अत्युक्ति हुँदैन।

**वैधानिक आधार र कार्यान्वयनको खाडल**

नेपालको संविधानले सबै मातृभाषालाई 'राष्ट्रभाषा' को मान्यता दिएको छ। संविधानको धारा ३१ ले मातृभाषामा शिक्षा पाउने हक र धारा ३२ ले भाषा तथा संस्कृतिको हक सुनिश्चित गरेको छ। भाषा आयोगको गठन र प्रदेश तथा स्थानीय तहलाई भाषा संरक्षणको अधिकार सुम्पिनु सकारात्मक पक्ष हुन्। बागमती प्रदेशले तामाङ र नेपालभाषालाई तथा कोशी प्रदेशले लिम्बू र मैथिलीलाई सरकारी कामकाजको भाषाका रूपमा अगाडि बढाउने प्रयास गर्नु स्वागतयोग्य कदम हुन्।

यसो भए पनि यी संवैधानिक र कानुनी प्रावधानहरू व्यवहारमा पूर्ण रूपले कार्यान्वयन हुन सकेका छैनन्। नीति निर्माण र कार्यान्वयनबीचको ठूलो खाडल, तालिमप्राप्त शिक्षकको अभाव र पाठ्यसामग्री विकासमा लगानीको कमीले गर्दा मातृभाषामा शिक्षा दिने लक्ष्य चुनौतीपूर्ण बनेको छ। अभिभावकहरूमा पनि 'मातृभाषामा पढ्दा अंग्रेजी कमजोर हुन्छ' भन्ने भ्रमले घर जमाएको छ, जसले गर्दा आफ्नै भाषाप्रतिको उदासीनता बढ्दो छ।

**प्रविधि र सूचनाप्रविधिको चुनौती**

आजको युगमा कुनै पनि भाषाको जीवन्तता त्यसको 'डिजिटल उपस्थिति' मा निर्भर गर्दछ। तर नेपालका अधिकांश मातृभाषाहरू सूचनाप्रविधिको संसारमा अनुपस्थित प्रायः छन्। मोबाइल एप्स, किबोर्ड, फन्ट र इन्टरनेटमा स्थानीय भाषाको अभावले नयाँ पुस्तालाई यी भाषाप्रति आकर्षित गर्न सकिएको छैन। रोमन लिपिमा लेख्ने बढ्दो प्रचलनले देवनागरी र स्थानीय लिपिहरूलाई समेत क्षति पुऱ्याइरहेको छ। सूचनाप्रविधिको यो 'डिजिटल डिभाइड' लाई पुर्ताल नगरेसम्म भाषाको आधुनिक पुस्तान्तरण सम्भव छैन तर यता सरकारहरूको कुनै ध्यान गएकै छैन।

**नागरिक समाजको भूमिका**

भाषा संरक्षणको दायित्व राज्यको मात्र हो भनेर निष्क्रिय बस्नु आफ्नै पहिचानको मृत्युपत्रमा हस्ताक्षर गर्नु जस्तै हो। न्युजिल्यान्डको 'माओरी', बेलायतको 'वेल्स' र अमेरिकाको 'हवाइयाली' भाषाको पुनरुत्थानले के देखाउँछ भने जब नागरिक समुदाय जागरूक र संगठित हुन्छ, मर्दै गरेको भाषालाई पनि जीवनदान दिन सकिन्छ। नेपालमा पनि अब नागरिक तहबाटै 'भाषिक खबरदारी' सुरु हुनुपर्छ। यसका लागि केही मुख्य पाइलाहरू चाल्न ढिला भइसकेको छ-

**१. सचेतता र घरबाटै थालनी:** 'मातृभाषा बोल्नु पिछडिएको हुनु होइन, बरु समृद्ध पहिचान हो' भन्ने आत्मबोध अभिभावकमा हुन जरुरी छ। घर नै भाषा सिक्ने पहिलो प्रयोगशाला हो, त्यसैले आफ्ना बालबालिकासँग मातृभाषामै संवाद गर्ने वातावरण बनाउनुपर्छ।

**२. अन्तर-पुस्ता हस्तान्तरण:** समुदायका ज्येष्ठ नागरिकहरूसँग रहेको भाषा र ज्ञानको भण्डार युवा पुस्तामा हस्तान्तरण गर्न 'भाषाघर' जस्ता कार्यक्रमहरू नागरिक स्तरबाटै सञ्चालन गरिनुपर्छ। लोककथा, गीत र उखानहरूको श्रव्यदृश्य अभिलेखन गर्न ढिला गर्नु हुँदैन।

**३. दबाव र वकालत:** विद्यालयहरूले मातृभाषा बोल्न निषेध गर्ने वा दण्ड दिने नियम बनाएका छन् भने नागरिक समाजले त्यसको कडा प्रतिवाद गर्नुपर्छ। स्थानीय सरकारलाई मातृभाषामा पाठ्यक्रम बनाउन र सार्वजनिक सेवामा बहुभाषिकता लागू गर्न निरन्तर दबाव दिनुपर्छ।

**४. प्रविधिको उपयोग:** सूचना प्रविधिको शक्तिलाई हातमा लिएर मातृभाषामा पडकास्ट, युट्युब सामग्री र सामाजिक सञ्जालमा लेखन बढाउन स्वयंसेवी अभियानहरू चलाउनु आवश्यक छ।

**निष्कर्ष**

नेपालका मातृभाषाहरू शब्दका थुप्रा होइनन्, ती हाम्रा पुर्खाले हजारौं वर्षदेखि आर्जेका ज्ञान र अनुभवका सङ्ग्रहालय हुन्। अंग्रेजी भाषाको मोहमा परेर आफ्नै जग भत्काउनु आत्मघाती कदम हो। नेपाली भाषा र अन्य मातृभाषाहरूबीच 'भाषिक भगिनित्व' को सम्बन्ध विकास गर्दै अघि बढ्नु नै आजको आवश्यकता हो।

राज्यको इच्छाशक्ति, समुदायको सहभागिता र व्यावहारिक कार्यक्रमको त्रिपक्षीय समायोजनबाट मात्र भाषिक न्याय सम्भव छ। आफ्ना सन्तानलाई दिने सबैभन्दा बहुमूल्य सम्पत्ति भनेकै भाषा र संस्कृति हो। त्यसैले आफ्ना मातृभाषाको संरक्षण र पुनरुत्थानका लागि प्रत्येक नागरिकले आजैबाट सानो भए पनि पाइला चाल्न जरुरी छ। भाषा बचे मात्र हाम्रो पहिचान बच्नेछ।

## आजको राशिफल

**मेष :** आज धार्मिक र सांस्कृतिक कार्यमा मन जानेछ। अरुलाई प्रभावित पारेर काम बन्ने र धनागम हुनेछ।

**बृष :** सानै प्रयाशले काममा सफलता मिल्नेछ। महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मिथुन :** व्यापार व्यवसायमा लाभ हुनेछ। आज गरेको कार्यमा सफलता मिल्नेछ।

**कर्कट :** साथीभाइको सहयोगले महत्वपूर्ण काममा सफलता मिल्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ।

**सिंह :** रोजगारीको नयाँ अवसर मिल्नेछ। आज घुमफिर र मनोरञ्जन हुनेछ।

**कन्या :** सामाजिक कामहरु सफल हुनेछन्। मनमा दुबिधा उत्पन्न हुनेछ।

**तुला :** सोचेको आटेको काममा सफलता मिल्नेछ। आज रमणीय र सुखद् यात्राको योग छ।

**वृश्चिक :** धार्मिक र सामाजिक काममा मन जानेछ। आज प्रणयसम्बन्ध कसिलो हुने समय रहेको छ।

**धनु :** सामाजिक कार्यमा तत्परता रहनेछ। आज चिताएको कामले तीव्रता लिनेछ।

**मकर :** अध्ययन अध्यापनमा सुधार आउनेछ। मनोरञ्जनमा मन जानेछ।

**कुम्भ :** शत्रुहरु पराजित हुनेछन्। आज शुभ कार्य र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**मीन :** रोकिएका अधुरा कामहरु सुचारु हुनेछन्। मन प्रसन्न रहने र स्वादिष्ट परिकारको अवसर जुर्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**
**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

### बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार:**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका, भोलिका कर्णधार"**

सखुवानन्कारकट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सखुवानन्कारकट्टी
मधेश प्रदेश, सिरहा (नेपाल)

# स्थानीय तहको बेरुजू दुई खर्ब नाघ्यो

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०२ गते**




स्थानीय तहको बेरुजू दुई खर्ब २० अर्ब ४७ करोड २६ लाख पुगेको छ।

आर्थिक वर्ष २०८०/८१ सम्मको कुल बेरुजू दुई खर्ब नौ अर्ब २८ करोड ९१ लाख रहेकामा आव २०८१/८२ को बेरुजू १९ अर्ब चार करोड ७७ लाखसमेत गरी बाँकी दुई खर्ब २० अर्ब ४७ करोड २६ लाख बेरुजू पुगेको हो।

महालेखा परीक्षकको कार्यालयका अनुसार स्थानीय तहमा गत आ.वमा संपरीक्षणबाट आठ अर्ब १४ करोड ६४ लाख फस्यौंट, समायोजन तथा संपरीक्षणबाट २८ करोड २२ लाख थप भएको छ।

महालेखा परीक्षकको कार्यालयले आज सार्वजनिक गरेको ६३औं प्रतिवेदनअनुसार गत आवमा ७२१ स्थानीय तहको ११ खर्ब नौ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

लेखापरीक्षणबाट ७२१ स्थानीय तहको २१ अर्ब ४७ करोड ५० लाख बेरुजू देखिएकामा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु दुई अर्ब ४२ करोड ७३ लाख फस्यौंट गरेकाले १९ अर्ब चार करोड ७७ लाख फस्यौंट गर्न बाँकी रहेको देखिएको हो।

सोमध्ये असुल गर्नुपर्ने दुई अर्ब एक करोड ३३ लाख, नियमित गर्नुपर्ने १५ अर्ब १८ करोड ९४ लाख र म्याद नाघेको पेस्की एक अर्ब ८४ करोड ५० लाख बाँकी बेरुजू देखिएको छ।

यो वर्ष लेखापरीक्षणबाट औंल्याइएपछि ४९१ स्थानीय तहले ३२ करोड १९ लाख र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ५०२ स्थानीय तहले रु ४७ करोड ९६ लाखसमेत ८० करोड १४ लाख असुली गरेका छन्।

विगत वर्षको बेरुजू संपरीक्षणको क्रममा ४८२ स्थानीय तहबाट एक अर्ब एक करोड ८७ लाखसमेत यो वर्ष कुल एक अर्ब ८२ करोड एक लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ।

गत आवमा चार महानगरपालिका, १० उपमहानगरपालिका, २६१ नगरपालिका र ४४६ गाउँपालिका समेत ७२१ स्थानीय तहको रु ११ खर्ब नौ अर्ब ५२ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। प्रतिवेदनअनुसार यो आवमा एक स्थानीय तहले लेखापरीक्षण गराएको छैन।

प्रतिवेदनअनुसार गत आव सङ्घीय, प्रदेश, स्थानीय तह, सङ्गठित र संघीय कानुनद्वारा तोकिएका अन्य संस्था तथा समितिसमेतको ९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न भएको छ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन र घटनाको कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी स्रेस्ता पेस नभएकाले रु एक खर्ब ४७ अर्ब ९० करोडको लेखापरीक्षण गरिएको छैन।

लेखापरीक्षणबाट विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक ब्यहोराका साथै गत आवमा कुल ८८ अर्ब नौ करोड बेरुजू औंल्याइएको छ। संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ पाँच अर्ब २३ करोड, स्थानीय तहतर्फ १९ अर्ब पाँच करोड र समिति एवं अन्य संस्थातर्फ १० अर्ब ३२ करोड बेरुजू कायम भएको छ।

गत आवसम्मको बेरूजूमध्ये यस प्रतिवेदन अवधिमा ६६ अर्ब ११ करोड संपरीक्षण तथा समायोजन भई बाँकी बेरुजू तथा चालु वर्षको बेरूजूसमेत अद्यावधिक बेरुजू सात खर्ब ५५ अर्ब १७ करोड पुगेको छ।

यस अवधिमा विगतको बेरूजूको संपरीक्षण र यस वर्ष औंल्याइएको व्यहोराको फस्यौंटबाट १४ अर्ब ६३ करोड असुल भएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ। साथै लेखापरीक्षणको सुझाव बमोजिम विभिन्न नीतिगत, कानुनी तथा प्रणालीगत सुधारहरू भएका प्रतिवेदनमा उल्लेख छ।

## सहिद हेमनारायण गोल्डकप जेठ ............

प्रतिस्पर्धात्मक बन्ने अपेक्षा गरिएको छ।

सार्वजनिक खेल तालिका अनुसार जेठ ९ गते काठमाडौंको टोली र पथरी-११ एफसी मोरङबीच खेल हुनेछ। त्यसैगरी जेठ १० गते गाईघाट युनाइटेड उदयपुर र गोल्डेन स्टार युथ क्लब भलुवा सुनसरी आमनेसामने हुनेछन् भने जेठ ११ गते आयोजक सलहेश युवा क्लब सिरहा र भारतको माँ कामाख्या स्पोर्ट्स क्लब बक्सरबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको सेमिफाइनल खेलहरू जेठ १२ र १३ गते आयोजना गरिनेछ भने फाइनल खेल जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा सञ्चालन हुने आयोजकले जनाएको छ।

यस वर्ष प्रतियोगिताको पुरस्कार राशिमा समेत उल्लेख्य वृद्धि गरिएको छ। प्रतियोगिताको विजेताले नगद ३ लाख रुपैयाँसहित रनिङ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेतालाई नगद १ लाख ५० हजार रुपैयाँ, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

त्यसैगरी, प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई 'म्यान अफ द म्याच' घोषित गरी नगद पुरस्कार र ट्रफी प्रदान गरिनेछ। विधागततर्फ उत्कृष्ट खेलाडीलाई समेत नगदसहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

आयोजकका अनुसार अघिल्ला तीनवटै संस्करण घरेलु टोलीले जितेको इतिहास रहेकाले यस पटक पनि स्थानीय दर्शकमाझ प्रतियोगिताप्रति ठूलो उत्साह देखिएको छ। प्रतियोगितालाई मधेश क्षेत्रमा फुटबल विकास, युवा प्रतिभा पहिचान तथा खेल पर्यटन प्रवर्द्धनको महत्वपूर्ण माध्यमका रूपमा हेरिएको छ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# राजस्व उठाउन कमजोर मधेश प्रदेश आन्तरिक स्रोत खर्चमा अगाडि

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०२ गते**




राजश्व संकलनमा निकै कमजोर देखिएका मधेश प्रदेश सरकार आन्तरिक श्रोत रकम खर्चमा सबैभन्दा अगाडि देखिएको छ।

महालेखा परिक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक गरेको ६३औं प्रतिवेदनमा उल्लेख गरेको वित्तीय अवस्थामा मधेश प्रदेश राजस्व संकलनमा सबैभन्दा कमजोर र आफ्नो आन्तरिक स्रोतबाट खर्च गर्ने मामिलामा भने अग्रस्थानमा रहेको देखिन्छ। प्रतिवेदनमा उल्लेख प्रदेशगत राजस्व संकलनको विवरण अनुसार मधेश प्रदेशले लक्ष्यको केवल ६७.३९ प्रतिशत मात्र राजस्व संकलन गरेको छ। जुन सातै प्रदेशमध्ये सबैभन्दा कम हो।

प्रदेशले कर, गैरकर, बाँडफाँट तथा रोयल्टीमार्फत ठूलो रकम उठाउने लक्ष्य राखेकोमा मधेश प्रदेश सबैभन्दा कम राजश्व संकलन गरेको हो। तर आन्तरिक खर्चतर्फ दोस्रो स्थानमा छ। मधेश प्रदेशले आफ्नै आन्तरिक स्रोतबाट हुने खर्चको ७०.७५ प्रतिशत रकम खर्च गरिसकेको छ।

राजस्व संकलनतर्फ कोसी प्रदेश सबैभन्दा अगाडि देखिएको छ। कोसीले लक्ष्यको ९२.२१ प्रतिशत राजस्व उठाएको छ। उद्योग, व्यापार, कृषि प्रशोधन तथा पूर्वी नाकाको आर्थिक गतिविधि सक्रिय हुँदा प्रदेशले अपेक्षाकृत बलियो उपलब्धि हासिल गरेको विश्लेषण गरिएको छ।

तर आफ्नै स्रोत खर्च गर्ने दरमा भने कोसी तेस्रो स्थानमा छ। प्रदेशले आन्तरिक स्रोत खर्चको ५९.८६ प्रतिशत मात्रै खर्च गरेको देखिन्छ। यसले कोसीले आम्दानी संकलनमा राम्रो प्रदर्शन गरे पनि खर्च कार्यान्वयनमा केही संयम अपनाएको संकेत गर्छ।

देशको आर्थिक केन्द्र मानिने बागमती प्रदेशले राजस्व संकलनमा ८२.३९ प्रतिशत उपलब्धि हासिल गरेको छ। काठमाडौं उपत्यकाकेन्द्रित व्यापार, सेवा र घरजग्गा कारोबारका कारण बागमतीको राजस्व आधार बलियो मानिन्छ। आन्तरिक खर्चतर्फ बागमतीले आफ्नै स्रोतको ७७.०६ प्रतिशत गरेको छ। यो सातै प्रदेशमा सबैभन्दा बढी हो। यसले बागमतीलाई राजस्व र खर्च दुवै हिसाबले तुलनात्मक रूपमा सन्तुलित प्रदेशको रूपमा देखाइएको छ।

गण्डकी प्रदेशले राजस्व संकलनमा ८१.५२ प्रतिशत उपलब्धि हासिल गर्दा आन्तरिक स्रोत खर्च ५८.५३ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशले राजस्व संकलनमा ७२.२४ प्रतिशत प्रगति गरेको छ भने आन्तरिक स्रोत खर्च ६३.०७ प्रतिशत पुगेको छ। औद्योगिक कर, कृषि र सीमावर्ती व्यापारले लुम्बिनीलाई तुलनात्मक रूपमा स्थिर बनाएको देखिन्छ।

यस्तै कर्णाली प्रदेशले राजस्व संकलनमा ८८.४० प्रतिशत उपलब्धि हासिल गरेको छ भने आन्तरिक स्रोत खर्च तर्फ सबैभन्दा कम ५०.१६ प्रतिशत मात्रै छ। सुदूरपश्चिम प्रदेशले राजस्व संकलनमा ९२.०१ प्रतिशत अर्थात दोस्रो स्थानमा राम्रो प्रगति हासिल गरेको छ भने आन्तरिक स्रोत खर्च ५९.८५ प्रतिशतले गरेको छ। कृषि, जडीबुटी तथा सीमावर्ती व्यापारमा निर्भर अर्थतन्त्र भएका कारण प्रदेशले अपेक्षित गति लिन सफल रहेको देखिन्छ।

# वीरगञ्जबाट एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, जेठ ०२ गते**




वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षका १० महिनामा रु एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले यस अवधिमा कार्यालयलाई रु दुई खर्ब २३ अर्ब १८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरे पनि लक्ष्यको ८९ दशमलव ३५ प्रतिशत राजस्व सङ्कलन गरिएको हो।

भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा राजस्व सङ्कलन सन्तोषजनक रहेको बताए। उनका अनुसार यहाँ राजस्वको मुख्य स्रोतका रूपमा पेट्रोलियम पदार्थको आयात, सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात रहेका छन्।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। चालु आवको दुई महिना अझै बाँकी रहेकाले थप राजस्व सङ्कलन हुने कार्यालयको अपेक्षा छ।

कार्यालयले चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २०

बाँकी पृष्ठ ४ ▸▸

## स्वस्तिक पाठशालाद्वारा एसईईमा उत्कृष्ट नतिजा ..............

विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयबाट पनि ४.० जिपिए प्राप्त विद्यार्थी उत्पादन भएका छन्। सामुदायिक विद्यालयतर्फ मोहन मा.वि. रामनगर, गोविन्दपुर झिरहरी, खरुक्याही, नन्द बाबा मा.वि. लगायत विद्यालय चर्चामा रहेका छन् भने संस्थागत विद्यालयतर्फ शारदा से.ई.बो. स्कूल, लिटिल स्टार, एभरेग्रीन एकेडेमी, पोलर स्टार, लहान प्यारागन, बाल शिक्षा सदन, इन्द्रेणी पाठशाला लगायत विद्यालयले पनि उल्लेखनीय नतिजा दिएका छन्।

तर समग्र विश्लेषणमा स्वस्तिक पाठशालाले सर्वाधिक ४.० जिपिए तथा ३.९० माथिका विद्यार्थी उत्पादन गर्दै मधेश प्रदेशमै शैक्षिक उत्कृष्टताको नयाँ मापदण्ड स्थापित गरेको दाबी गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवं मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादवले विद्यार्थीहरूलाई अनुशासन, मेहनत र सकारात्मक सोचका साथ अघि बढ्न प्रेरित गर्दै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गरे। उनले सिरहाबाट राष्ट्रिय स्तरमै प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी उत्पादन हुनु गौरवको विषय भएको बताए।

विद्यार्थीहरूको तर्फबाट सबल कटुवाल तथा अनुष्का साहले आफ्नो अध्ययन अनुभव साझा गर्दै आगामी ब्याचका विद्यार्थीलाई समय व्यवस्थापन, आत्मविश्वास र निरन्तर अभ्यासमा ध्यान दिन सुझाव दिएका थिए।

एसईई २०८२ को नतिजाले सिरहा जिल्लामा शैक्षिक प्रतिस्पर्धा थप तीव्र बन्दै गएको संकेत गरेको छ। निजी तथा सामुदायिक विद्यालयबीच गुणस्तरीय शिक्षाको होड बढिरहेका बेला स्वस्तिक पाठशालाले उत्कृष्ट नतिजामार्फत आफूलाई मधेश प्रदेशकै अग्रणी शैक्षिक संस्थाका रूपमा स्थापित गर्न सफल भएको विश्लेषण गरिएको छ।

विद्यालय प्रशासनले आगामी वर्षहरूमा अझ उत्कृष्ट नतिजा हासिल गर्ने लक्ष्यसहित शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमलाई थप प्रभावकारी बनाइने जनाएको छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## बिमा लेख हरायो

मिति २०८२/०९/२१ मेरो निम्न ब्यहोरा भएको सानिमा रिलाईन्स लाईफ इन्स्योरेन्सबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : रामकुमार यादव
पोलिसी नं.: २०३००००००६०१
मो.नं. : ९८६३९६६५३९

# मधेशमा एचआईभीको बढ्दो बोझ, बालबालिका र गर्भवतीमा पनि संक्रमण




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०२ गते**

मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा जिल्लामा एचआईभी-एड्स संक्रमित बिरामीको संख्या सबैभन्दा बढी रहेको पाइएको छ। मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पर्सामा मात्र एक हजार ५०४ जना एचआईभी-एड्सका बिरामी छन्।

निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८१-८२ मा प्रदेशमा कुल चार हजार ६८० जना एचआईभी संक्रमित बिरामी एन्टिरेट्रोभाइरल थेरापी (एआरटी) उपचारमा छन्। प्रदेशअन्तर्गत धनुषामा ८८६, सर्लाहीमा ५५८, सिरहामा ४५७, रौतहटमा ४२२, महोत्तरीमा ३७१, बारामा २८८ तथा सप्तरीमा १९४ जना संक्रमित रहेका छन्।

निर्देशनालयका एचआईभी-एड्स फोकल पर्सन राजवीर यादवका अनुसार आर्थिक वर्ष २०७६-७७ मा मधेश प्रदेशमा १४ हजार जनाको एचआईभी परीक्षण गरिएको थियो। उक्त संख्या बढेर आर्थिक वर्ष २०८१-८२ सम्ममा ७६ हजार ७९२ पुगेको छ।

आर्थिक वर्ष २०७५-७६ मा ४००, २०७७-७८ मा ४७५, २०७८-७९ मा ६७५, २०७९-८० मा ६०६, २०८०-८१ मा ५१० तथा २०८१-८२ मा ४७९ जनामा एचआईभी संक्रमण पुष्टि भएको उनले जानकारी दिए। चालु आर्थिक वर्षमा १६ जना गर्भवती महिलामा एचआईभी संक्रमण पुष्टि भएको छ।

समयमै परीक्षण तथा उपचार नभए आमाबाट शिशुमा समेत संक्रमण सर्न सक्ने जोखिम रहेको स्वास्थ्यकर्मीले बताएका छन्। प्रदेशमा १८ वर्षमुनिका १७५ बालबालिकामा एचआईभी संक्रमण रहेको छ। तीमध्ये ४७ जना एकल अभिभावकविहीन तथा २० जना पूर्ण अनाथ रहेका छन्।

संक्रमित बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा पोषणका लागि मासिक एक हजार नगद सहायता उपलब्ध गराइँदै आएको छ। प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले खुला सीमा, वैदेशिक रोजगारी, लागुऔषधको प्रयोग, असुरक्षित यौन सम्पर्कका कारण संक्रमण नियन्त्रण चुनौतीपूर्ण बनेको बताए।

# लहान नगरपालिकालाई खुला दिशामुक्त बनाउने अभियान सुरु




**सिरहा, जेठ ०२ गते ।** लहान नगरपालिकाभित्र रहेका २० हजार ५७७ घरपरिवारमध्ये अझै चार हजार २०१ विपन्न दलित तथा मुसहर परिवारको आफ्नै शौचालय छैन। यिनै परिवारलाई समेटेर लहान नगरपालिकालाई खुला दिशामुक्त र पूर्ण सरसफाइयुक्त बनाउन नगरपालिकाले विशेष रणनीतिसहित अभियान सुरु गरेको छ।

शनिबार आयोजित एक कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले नगरपालिकाले गैरसरकारी संस्था दलित जनकल्याण युवा क्लबसँग सहकार्य गर्दै मुसहर बस्तीहरूमा आधुनिक सामुदायिक शौचालय निर्माण कार्यलाई तीव्रता दिएको बताए। उनले हालसम्म नगरका विभिन्न सुकुमवासी बस्तीमा छ वटा सुविधा सम्पन्न सामुदायिक शौचालयहरू निर्माण भई सञ्चालनमा आइसकेको जानकारी दिँदै अन्य क्षेत्रमा क्रमशः विस्तार गरिँदै लगिने बताए।

लहानलाई शतप्रतिशत शौचालययुक्त नगर बनाउने प्रतिबद्धता व्यक्त गर्दै नगरप्रमुख चौधरीले भने, "जग्गा नभएर शौचालय बनाउन नसकेका विपन्न मुसहर परिवारका लागि हामीले छ वटा आधुनिक सामुदायिक शौचालय बनाइसकेका छौँ र अन्य ठाउँमा बनाउने क्रम जारी छ । लहानलाई खुला दिशामुक्त बनाउने यो अभियानलाई सम्पूर्ण नगरवासीले आफ्नो साझा अभियानको रूपमा आत्मसात गरेर सहयोग गर्न म अपिल गर्दछु।"

अभियानलाई थप प्रभावकारी बनाउन नगरका विभिन्न वडामा ८१ वटा टोलस्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गठन गरी तल्लो तहदेखि नै काम सुरु गरिएको त्यस अवसरमा जानकारी दिइयो। यी समितिहरूमा स्थानीय युवा र क्लबहरूलाई सक्रिय बनाउँदै टोलटोलमा घरायसी तथा वातावरणीय सरसफाइ, महिनावारी स्वच्छता व्यवस्थापन र पानीजन्य रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न थालिएको छ।

खानेपानी र सरसफाइको क्षेत्रमा सहकार्य गरिरहेको विकन परियोजनाका प्रबन्धक राजेश लोहनीले अभियानबारे जानकारी दिँदै भने, "हामीले टोलस्तरमै समितिहरू गठन गरेर युवाहरूलाई जिम्मेवारी सुम्पिएका छौँ। टोलटोलमा सुरु भएको यो अभियानले घरायसी सरसफाइ र स्वच्छताका सवालमा नागरिकको बानीव्यवहारमा ठूलो परिवर्तन ल्याउने विश्वास लिएका छौँ।"

नगरप्रमुख चौधरीका अनुसार यही जेठ महिनाभित्र लहान नगरपालिका-७ लाई औपचारिक रूपमा 'खुला दिशामुक्त वडा' घोषणा गर्ने तयारी पूरा भएको छ। वडा नम्बर ७ लाई घोषणालगत्तै नगरका अन्य वडाहरूलाई पनि क्रमिक रूपमा खुला दिशामुक्त र पूर्ण सरसफाइयुक्त वडा बनाउँदै लगिने उनले बताए। रासस

## डीडीसी चिजको प्रमोशनमा प्रधानमन्त्री बालेन




**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०२ गते**

प्रधानमन्त्री बालेन्द्र शाहले शनिबार पनि आफ्नो नयाँ फोटो सार्वजनिक गरेका छन्। गत शनिबार सेतो सर्ट लगाएको फोटो सार्वजनिक गरेपछि त्यसले खुब चर्चा पाएको थियो। शनिबार पुनः उनले फोटो सार्वजनिक गरेका छन्।

तर यसपटक उनले स्वदेशी उत्पादन याक चिजको प्रमोशन पनि गरेका छन्। डीडीसीले उत्पादन गर्दै आएको याक चिज खाँदै गरेको फोटो उनले आफ्नो फेसबुकबाट सार्वजनिक गरेका हुन्।

दुग्ध विकास संस्थान (डीडीसी) ले मुख्यतया उच्च पहाडी क्षेत्रमा पालिने चौँरीको दूधबाट उच्च गुणस्तरको याक चिज उत्पादन गर्छ। डीडीसी मातहतका केन्द्रहरूबाट वार्षिक रूपमा करिब ३६ हजार केजी याक चिज उत्पादन गरिँदै आएको छ।

## वीरगञ्जबाट एक खर्ब ९९ अर्ब ............

अर्ब ७३ करोड, असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड, मङ्सिरमा रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको थियो।

यसैगरी, पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुनमा रु १९ अर्ब ३४ करोड र चैतमा रु २२ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ। यस्तै, वैशाखमा रु २१ अर्ब ७४ करोड राजस्व सङ्कलन गरिएको सूचना अधिकारी विष्टले बताए।

# जनकपुर साहित्य महोत्सव



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०२ गते**

तीन दिने 'जनकपुर साहित्य महोत्सव २०८३' औपचारिक रूपमा प्रारम्भ भएको छ। नव मिथिला फाउन्डेसनद्वारा आयोजित यस महोत्सवको उद्घाटन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले एक भव्य समारोहबीच गरेका छन्।

'धरातल, संस्कृति र संस्कारको उत्सव, जनकपुर साहित्य महोत्सव' भन्ने मूल नाराका साथ सातौं संस्करणका रूपमा आयोजना गरिएको यस महोत्सवमा देशभरिका चर्चित साहित्यकार, लेखक, गायक, संगीतकार, उद्यमी, पत्रकार, कवि र विचारकहरूको सहभागिता रहने आयोजकले जनाएको छ।

नव मिथिला फाउन्डेसनका अध्यक्ष अमित झाले महोत्सवले समाजमा नयाँ बहसहरू सिर्जना गर्ने विश्वास व्यक्त गरे। 'जहाँ शब्दहरू जीवित रहन्छन्, त्यहाँ सभ्यता बाँच्छ, संस्कृति सुरक्षित रहन्छ र चेतनाको दियो पुस्तौंसम्म बलिरहन्छ। मिथिलाको माटो आफैंमा ज्ञान, दर्शन, कला, संगीत र साहित्यको उर्वर भूमि हो। यही भूमिले हामीलाई माता सीता, राजर्षि जनक, याज्ञवल्क्य र गार्गी जस्ता महान् व्यक्तित्वहरू दिएको छ,' उनले भने, 'हजारौं वर्ष पुरानो यो सभ्यता केवल इतिहासको पानामा मात्र सीमित छैन, यो आज पनि हाम्रो जीवनशैली, संस्कार र पहिचानमा जीवन्त छ। यो उत्सव त्यही गौरवशाली परम्पराको निरन्तरता हो।'

कार्यक्रमका प्रमुख अतिथि एवं प्रदेश प्रमुख डा. लाभले जनकपुर भूगोल मात्र नभएर एक विशिष्ट संस्कृति र संस्कारको पहिचान भएको बताए। 'संसारमा यदि कतै शास्त्रार्थको प्रारम्भ भएको थियो भने त्यो जनकपुरमै भएको थियो,' उनले थपे, 'त्यो जनकपुरलाई स्मरण गर्नुहोस्, जहाँ प्राचीन कालमा विमर्श हुन्थ्यो। राजा जनकको दरबारमा देश-विदेशबाट विद्वान्हरू आएर शास्त्रार्थ गर्थे, जसको जीवन्त प्रमाण अष्टावक्रको दर्शन र साहित्य हो। जनकपुर उत्सव, महोत्सव, मेला र संस्कारको धर्ती हो। हाम्रो धरातलसँग नयाँ पुस्तालाई जोड्ने यो प्रयास निकै प्रशंसनीय छ।'

समारोहमा भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मिनाले यस साहित्य महोत्सवले नेपाल र भारतबिचको साझा संस्कृतिलाई अझ प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे।

कार्यक्रमका प्रमुख वक्ता डा. उपेन्द्र महतोले हामी संकल्पित भयौं भने देश पक्कै पनि समृद्ध हुने विचार राखे। 'हाम्रो देश जति सभ्य र सुसंस्कृत छ, त्यति अन्य कुनै देश छैन। हामीले आफ्नो भाषा, संस्कार र इतिहासलाई जोगाएर नै आर्थिक उन्नति गर्नुपर्छ,' डा. महतोले भने, 'बाहिरी देशको आर्थिक विकास वास्तवमै ठूलो देखिए पनि त्यो यान्त्रिक विकास मात्र हो। त्यहाँका मानिसहरू रोबोट जस्ता भइसकेका छन् र उनीहरू केवल आर्थिक उन्नतिमा मात्र केन्द्रित छन्। तर, हामी आफ्नो इतिहास, साहित्य र संस्कृतिलाई अक्षुण्ण राख्दै आर्थिक समृद्धिको कुरा गर्छौं, त्यसैले हामी आध्यात्मिक र सांस्कृतिक रूपमा धेरै धनी छौं।'

महोत्सवको पहिलो दिन १ लाख ५ हजार रुपैयाँ राशिको 'अमित झा स्मृति साहित्य तथा संगीत पुरस्कार' मिथिलाका प्रसिद्ध लेखक तथा संगीतकार अशोक दत्तलाई प्रदान गरिएको छ। दत्त हाल क्यान्सर रोगबाट ग्रसित भई उपचार गराइरहेका छन्।

## जेनजी आन्दोलनमा मधेशका कारागारबाट ..............

त्यसपछि रौतहट दोस्रो बढी प्रभावित जिल्ला बनेको छ। रौतहट कारागारबाट २५९ जना फरार भएकामध्ये १४७ जनालाई नियन्त्रणमा लिइएको छ भने ११२ जना अझै कानूनको पहुँचबाहिर नै छन्। सप्तरी कारागारबाट २०५ जना फरार भएकोमा १३० जना पक्राउ परेको छ भने ७५ जना अझै फरार रहेका छन्।

सिरहामा कारागारबाट १० जना फरार भएकामध्ये ४ जना पक्राउ परिसकेका छन्। त्यहाँ अझै ६ जना फरार छन्। रौतहटमा १४ जना फरार मध्ये एक जना मात्रै पक्राउ परेका छन भने १३ जना अझै फरार नै छ। सर्लाहीमा भने फरारको कुनै कैदीबन्दी फरार नरहेको उल्लेख छ।

पर्सामा कारागारबाट कैदीबन्दी फरारको विवरण शून्य देखिए पनि बाल सुधार गृहमा छुट्टै घटना देखिएको छ। तथ्यांक अनुसार आन्दोलनका क्रममा पर्सास्थित बाल सुधार गृहबाट ६८ जना बालक फरार भएकोमा हाल २० मात्रै पक्राउ परेका छन भने ४८ जना अझै सम्पर्कविहीन छन्।

लामो समय बितिसक्दा पनि सयौं कैदीबन्दी पक्राउ नपर्नुले कारागार सुरक्षा, आन्दोलनको व्यवस्थापन र प्रहरी संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख गोविन्द थपालियाले फरार कैदीबन्दी ५० प्रतिशतभन्दा बढी पक्राउ परिसकेको छ भने अन्य फरार कैदीबन्दीहरुको खोजबीन जारी रहेको बताएका छन्।

उनले भने, 'फरार मध्येका अधिकांश कैदीबन्दीहरु भारततिर भागिसकेका छन्। नेपालमा भएकालाई हामीले पक्राउ गरिसकेका छौं। भारतमा रहेका कैदीबन्दीहरुको पनि हामीले ट्रेकिङ्ग गरिरहेका छौं, दुवै देशको समन्वयपछि तिनीहरूलाई पनि पक्राउ गरिनेछ।'

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।**

AD
अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*

## मधेशलाई बलियो बनाउन सेनामा मधेशीको ...............

'दोस्रो मधेश आन्दोलनका क्रममा २०६४ फाल्गुन १६ गते तत्कालीन नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच आठबुँदे सम्झौता सम्पन्न भएको थियो,' उनले लेखेका छन्, 'उक्त सम्झौताको बुँदा ५ मा नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न तथा समावेशी बनाउन मधेशी लगायत अन्य समुदायहरूको समानुपातिक समावेशी र समूहगत प्रवेश सुनिश्चित गरिनेछ भनेर स्पष्ट उल्लेख गरिएको छ।'

अहिले मधेशको व्यापक जनसमर्थन र मत प्राप्त गरेर बालेन्द्र शाह नेतृत्वको सरकार बनेको भन्दै उक्त सम्झौता कार्यान्वयन गर्दै मतदाताप्रति न्याय गर्नुपर्ने उनको तर्क छ। साथै, अब बन्ने संविधान संशोधन बहस पत्रमा तथा नेपाली सेनामा मधेशीहरूको समूहगत प्रवेश सुनिश्चित गर्ने प्रावधान समेटिनुपर्ने माग पनि उनले गरेका छन्।

मधेश केवल भनेर बलियो नहुने र मधेशलाई बलियो बनाउन ठोक काम आवश्यक रहेको भन्दै प्रधानमन्त्रीले यसलाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए। 'केवल भनेर मधेश बलगर हुँदैन, मधेशलाई बलगर बनाउन ठोस काम आवश्यक हुन्छ,' उनले लेखेका छन्, 'जतिबेला पनि 'काम गरिरहने' प्रधानमन्त्रीको सूचीमा यो साहसिक तथा ऐतिहासिक कदम पनि समावेश होस्, अन्यथा 'यो कोठिको धान त्यो कोठिमा सार्ने' काम त 'काम नगर्ने' प्रधानमन्त्रीहरुले पनि गर्दै आएका थिए।'

यस विषयलाई जेनजी अगुवा, मधेशी सांसद तथा सरोकारवालाहरूले गम्भीर रूपमा उठाउँदै सशक्त आवाज बुलन्द गर्न आवश्यक रहेको उनले बताएका छन्।